# विराटनगर महानगरपालिका

बैठक संख्याः १५
मितिः २०७५/०१/११

बैठक प्रारम्भः दिउसो ४:०० बजे
बैठक स्थगनः : ५।३०

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | श्री उद्धव अर्याल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | श्री झरीलाल महतो | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | सदस्य | श्री संजय कुमार साह | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |

| | | | |
|---|---|---|---|
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री प्रदीप कुमार निरौला | |

निर्णय नं. १

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(ज) मा रहेको शिक्षा सम्बन्धि कार्य क्षेत्रलाई कार्यान्वयन गर्न विराटनगर महानगरपालिका नगर सभाबाट प्रत्यायोजित अधिकार प्रयोग गरी नगर कार्यपालिकाले "विराटनगर महानगरपालिकामा विद्यालय शिक्षा संचालन व्यवस्थापन तथा नियमनका लागि शिक्षा कार्यविधि,२०७४ स्वीकृत गर्ने ।

निर्णय नं. २

विराटनगर महानगरपालिकाको आ.व.२०७४।०७५ को प्रथम नगर सभाबाट पारित बजेट शिर्षक नम्बर ४.०५.२ कार्यक्रम भ्रमण खर्च कर्मचारीमा रु.५,००,०००।००, बजेट शिर्षक नम्बर २.०६.१ सवारी इन्धन पदाधिकारीमा रु.४,५०,०००।००, बजेट शिर्षक नम्बर २.०६.२ सवारी इन्धन कर्मचारीमा रु.४,००,०००।००, बजेट शिर्षक २.०३ कार्यालय संचालनमा रु.१,०१,८२,०००।०० विनियोजन भएको रकम नपुग भएकोले उक्त शिर्षकहरुमा बजेट रकमान्तर गर्नुपर्ने भएको हुंदा विनियोजित बजेटको २० प्रतिशतले हुन आउने रकम रकमान्तर गर्न क्रमशः ४.०५.२ लाई रु.१,००,०००।००, शिर्षक नम्बर २.०६.१ सावरी इन्धन पदाधिकारीमा रु.९०,०००।००, बजेट शिर्षक नम्बर २.०६.२ सवारी इन्धन कर्मचारीमा रु.८०,०००।०० र बजेट शिर्षक नम्बर २.०३ मा रु.१८,००,०००।०० बजेट शिर्षक नम्बर १.०१.१ कर्मचारी तलबबाट रकमान्तर गर्ने निर्णय गरियो । साथै बजेट शिर्षक नम्बर ८.०१.९ युवाविकास खेलकुद तथा मनोरन्जन शिर्षकमा विराट गोल्डकप प्रतियोगितालाई रु.२,००,००००।०० मा नपुग रकम रु.९,००,०००।०० सोही शिर्षकको बुंदा नम्बर ३ मेयर कप क्रिकेट टुर्नामेन्टमा विनियोजित रकम मध्येबाट खर्च हुनेगरी रु.११,००,०००।०० मात्र विराट गोल्डकप टुर्नामेन्ट २०७४ लाई उपलव्ध गराएको रकम अनुमोदन गर्ने ।

## निर्णय नं. ३

विराटनगर महानगरपालिकामा कार्यरत विद्युत हेल्पर गोविन्द रानामगर कार्यालय समयमा वडा नं.१२ कार्यरत रहेको अवस्थामा विद्युत पोलबाट लडेर घाईते भई न्युरो अस्पतालमा उपचाररत रहेको हुंदा उपचार खर्च पाउं भनि निजले निवेदन पेंश गरेकोले निजको उपचार खर्चवापत रु.५०,०००।००(पचास हजार मात्र) एवं सम्पुर्ण जनप्रतिनिधिको एकदिनको पारिश्रमिक र कर्मचारीहरुको एक दिनको तलब उपलब्ध गराउने तथा घाईते भई उपचारमा रहनु भएका विद्युत हेल्पर गोविन्द रानामगरको शिघ्र स्थास्थ्यलाभको कामना गर्ने ।

## निर्णय नं. ४

विराटनगर महानगरपालिका क्षेत्रभित्रका साविकमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र जारी, नविकरण र खारेजी क्षेत्रधिकार जिल्ला समन्वय समिति, मोरंगमा निहित रहेकोमा हाल स्थानीय सरकार ऐन, २०७४, परिच्छेद-३ को दफा ११ को उपदफा १ खण्ड च(१०) ले महानगरपालिकाको कार्यक्षेत्रभित्र रहन आएको, यस बीच साविक निकायवाट सम्वन्धित निर्माण व्यवसायीहरुको अभिलेख समेत समयमा प्राप्त नभएको, व्यवस्थापनको कार्यमा समेत समय लाग्ने एवं यस महानगरपालिकावाट "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७५ पारित भईनसकेको तथा व्यवसायीहरुमा समेत अन्योलता सृजना भएवाट निर्माण व्यवसायी संघ ,मोरगंको माग बमोजिम निर्दिष्ट म्यादभित्र नविकरण हुन नसकेका ईजाजत पत्रलाई व्यवस्थित र प्रभावकारी ढंगले नविकरण गर्न गराउन सम्वद्ध व्यवसायीहरुलाई सार्वजनिक रुपमा जानकारी गराई २०७५ साल बैशाख मसान्त भित्रमा नविकरण गर्ने गराउने ।